# गुल्मीदरबार गाउँपालिका

## आ.व. २०७६/७७ का प्रस्तावित नीति तथा कार्यक्रमहरु

**सम्माननीय सभा अध्यक्षज्यू,**

नेपालको इतिहासमा आएको परिवर्तनको फलस्वरुप नेपालको संविधान कार्यान्वयनका क्रममा यस गाउँपालिकाको गरिमामय सदनमा आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

संघियताको कार्यान्वयनको क्रममा स्थानिय सरकारको रुपमा यस गाउँपालिकाको कार्यपालिकाले विगत २ वर्षका नीति तथा कार्यक्रमहरु यसै सभामा प्रस्तुत गरी कार्यान्वयन गरेको छ। जसको कार्यान्वयनका क्रममा सकारात्मक परिणामहरु देखा पर्न लागेका छन्। जसमा विभिन्न क्षेत्रबाट सहयोग प्राप्त भएको छ। उक्त कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण यस गरिमामय सदनका गाउँसभा सदस्यज्यूहरु, कर्मचारीहरु, नागरिक समाज, राजनितीक दलहरु लगायत आम जनसमुदाय प्रति हार्दिक आभार प्रकट गर्दछु।

यस वर्षको बजेट निर्माणका लागि यस गाउँपालिकाले २०७६ जेष्ठ ३ गते आयोजना गरेको राय सुझाव संकलनको कार्यक्रममा संकलन भएका राय तथा सुझावहरुको आधारमा र यस गाउँपालिकाका विभिन्न विषयगत समितिहरुको समेत सिफारिसमा यस वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रयास गरिएको छ। यस सभामा आउने

सकारात्मका सुझावहरुलाई यस नीतिको मार्गदर्शक सिद्धान्तको रुपमा समावेश गरी संशोधन सहित यो नीति तथा कार्यक्रम यस गरिमामय सभाबाट पारित हुनेछ भन्ने आशाका साथ म यस सभामा आगामी आ.व. २०७६/७७ को नीति तथा कार्यक्रम राख्ने अनुमति चाहान्छु ।

**(क) सुशासन तथा संस्थागत विकास तर्फः**

१. गाउँपालिकामा भू–उपयोग नीति सहितको दीर्घकालीन एकिकृत शहरी विकास योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

२. गाउँपालिकाको Website Update गरी Website मार्फत निर्णय, सूचनाहरु सार्वजनिक गर्दै गाउँपालिकाको कार्यलाई Paper Less बनाइदै लगिनेछ।

३. सार्वजनिक खर्चलाई उत्पादन मुलक बनाउन आन्तरिक नियन्त्रण सम्बन्धी मापदण्ड बनाइ लागू गरिनेछ । पदाधिकारी तथा कर्मचारीहरुको आचार संहिता पूर्णतः लागू गरिनेछ।

४. गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र विस्तार गरी सबै नागरिकलाई सूचनाको पहुँच हुने व्यवस्था मिलाइनेछ ।

५. खरिद गुरुयोजनाका आधारमा प्रचलित आर्थिक कानून बमोजिम खरिद कार्य गरिनेछ ।

६. लक्षित वर्गका कार्यक्रमहरुलाई आय उन्मुख बनाउन प्राथमिकता दिदै संचालन गरिने सबै कार्यक्रमहरु एकद्वार प्रणाली मार्फत निर्धारित मोडलमा संचालन गरिनेछ ।

७. गाउँपालिकाको सम्पत्तीको अभिलेख सार्वजनिक गर्ने र त्यसको उचित उपयोग, संरक्षण तथा संवर्धन गरिनेछ ।

८. गाउँपालिकाले उठाउने सबै प्रकारका करहरु वडा कार्यालयबाटै प्रविधिको उपयोग गरी सफ्टवेयर मार्फत संकलन गर्ने व्यवस्था मिलाइनेछ ।

९. योजनाहरु वडा कार्यालयको समन्वयमा कार्यान्वयन गरिने तथा वडा समिति समेतको अनुगमन र सिफारिसमा फरफारक गर्ने कामलाई निरन्तरता दिइनेछ ।

१०. जनप्रतिनिधि, कर्मचारी, टोल विकास संस्थाका पदाधिकारी, सामुदायिक संस्थाहरुको क्षमता विकासका लागि आवश्यक तालिमहरु, अध्ययन अवलोकन भ्रमणहरुका कार्यक्रम राखिनेछ ।

११. गाउँपालिकाको कार्यलाई चुस्त, दुरुस्त र प्रभावकारी बनाउन कर्मचारीहरुका समस्याहरुको सुक्ष्म रुपमा अध्यन गरी समस्या समाधानका उपयुक्त माध्यमहरु अपनाई उत्प्रेरणाका माध्यमबाट **कामले कर्मचारी नभै कर्मचारीले काम खोज्ने** वातावरणको सिर्जना गरिनेछ ।

१२. गाउँपालिकाको संगठन विकास अध्ययन गरी कर्मचारी दरबन्दी यकिन गरी सोहि बमोजिम कार्यविवरण उपलब्ध गराइनेछ ।

१३. गाउँपालिकाको कामलाई पारदर्शी एवं जवाफदेहि बनाउन सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षणलाई निरन्तरता दिइनेछ ।

१४. सामाजिक विवादहरुलाई न्यायिक समिति मार्फत मेलमिलापको माध्यमबाट समाधान गर्न पहल गरिनेछ । गर्ने कामलाई निरन्तरता दिईनेछ ।

१५. गाउँपालिका क्षेत्र भित्रका लब्ध प्रतिष्ठित तथा विद्वत वर्गको सूचि तयार गरी उनीहरुबाट आवश्यक सहयोग लिने र कार्य अनुभव आदान प्रदान गरी प्राप्त पृष्ठपोषण गाउँपालिकाको विकासमा समाहित गर्दैं लगिनेछ ।

१६. विभिन्न समाजिक संघ/संस्था, कृषक, विद्यार्थी, पत्रकार, खेलाडी, उपभोक्ता समिति, टोल विकास संस्थालाई कार्य सम्पादनको मूल्यांकन गरी प्रोत्साहन स्वरुप पुरस्कार दिने व्यवस्था मिलाइनेछ ।

१७. कर्मचारीहरुलाई उनीहरुको योग्यता, क्षमता, सीप र अनुभवलाई कार्यसम्पादनमा उपयोग गर्न तथा उत्प्रेरित बनाइ राख्न आवश्यक मापदण्ड बनाइ तालिम तथा योगदानमा आधारित सुविधा उपलब्ध गराउने नीति लिइनेछ ।

१८. गाउँपालिका क्षेत्र भित्र कार्यक्रम सञ्चालन गर्ने सरकारी, गैरसरकारी र सामुदायिक संस्था एवं सरोकारवाला संस्थाको भूमिका स्पष्ट पार्दै तिनीहरुलाई स्थानीय तह प्रति उत्तरदायि बनाई कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

१९. गाउँपालिका क्षेत्र भित्र गाउँपालिका बासीलाई ल्याण्ड लाइन टेलिफोन, इन्टरनेटको पहुँच पुर्याउन सम्बन्धित निकायहरुमा पहल गर्ने र मुख्य बजार क्षेत्र, पार्कमा वाइफाइ जोनको शुरुवात गरिनेछ ।

२०. गाउँपालिकामा दातृ निकायका कार्यक्रमहरु संचालनका लागि आवश्यक पहल गरिनेछ ।

२१. विभिन्न देशहरुमा भैरहेको संघीयता तथा विकास प्रशासनको अनुभव आदान प्रदान गर्न देश तथा विदेशका सहरहरुसँग भगिनी सम्बन्ध कायम गर्ने नीति लिइनेछ ।

२२. गाउँपालिकाको समानुपातिक विकास गर्न वडाको भूगोल तथा जनसंख्याका आधारमा वडामा बजेट पठाइनेछ ।

२३. सूचना प्रविधिमा आधारित भएर गाउँपालिकाको समग्र प्रोफाइल तयार गरी अध्यावधिक गर्दै लगिनेछ ।

२४. गाउँपालिका बासीलाई अध्ययन अनुसन्धान तर्फ ध्यान केन्द्रित गराउन एक वार्ड एक पुस्तकालयको स्थापना गर्ने कार्यको शुरुवात गरिनेछ ।

२५. गाउँपालिका भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणका लागि उपयुक्त नीति बनाउन प्राथमिकता दिइनेछ ।

२६. स्थानीय संचार माध्यमहरुसँग समन्वय गर्दै संचार संस्थाहरुसँग सहकार्य गरिनेछ ।

२७. जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि विदेश भ्रमण एवं अध्ययन अवलोकनका लागि पठाउन कार्यविधी बनाई लागू गरिनेछ ।

२८. विदेशी पाउनाहरुलाई स्वागत गर्न गाउँपालिकामा एउटा अतिथि डेस्क गठन गरी पाउनाहरुलाई स्वागत गर्ने व्यवस्था मिलाइनेछ ।

२९. गाउँपालिका क्षेत्रभित्र भ्रमण गर्ने स्वदेशी तथा विदेशी पाउनाहरुको बसाइ अवधि लम्ब्याउनको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ ।

३०. आर्थिक विकासको लागि साधन स्रोत जुटाउन विदेशी लगानी प्रवर्धन गर्न पर्यटन, कृषि, वन, पार्क लगायतका विभिन्न क्षेत्रमा लगानी भित्राउन संघिय सरकारको स्वीकृत लिई पहल गरिनेछ ।

३१. गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने कार्यलाई उच्च प्राथमित्तामा राखी कार्यान्वयन गरिनेछ ।

**(ख) सामाजिक विकास तर्फः**

३२. विकासको मूलप्रवाहमा पहुँच पुर्याउन महिला, दलित, अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, मधेशी, धार्मिक समुदाय, जनजाती, बालबालिका, आदिबासी, एकल महिला लगायतका वर्ग र समुदायहरुको क्षमता विकास, आयआर्जन, सशक्तिकरण, अधिकार संरक्षणको आवश्यक व्यवस्था मिलाइनेछ ।

३३. लक्षित वर्गका कार्यक्रमहरु गाउँपालिकाको आर्थिक तथा समाजिक विकास शाखाको समन्वयमा एकद्वार प्रणालीबाट सञ्चालन गरिनेछ ।

३४. गाउँपालिका भित्र सेवा प्रवाह गर्ने राष्ट्रिय, अन्तर्राष्ट्रिय तथा स्थानीय गैरसरकारी संस्थाको कार्य सम्पादनलाई मर्यादित, व्यवस्थित तथा समन्वयकारी बनाउन गाउँपालिकामा NGO Desk को स्थापना गरी क्रियाशिल बनाइनेछ ।

३५. सामाजिक कुरिती, कुसंस्कार अन्त्य गर्न गाउँपालिकाको नेतृत्वमा बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

३६. बिभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवश, स्थानीय मौलिक संस्कृति, भेषभुषा संरक्षण एवं प्रवर्धन गर्न र उक्त दिवश, नैतिक शिक्षा, योग साधनाको महत्व सान्दर्भिकताका विषयमा चेतना जगाउने

र जनसहभागिता बढाउने कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै सबै जातजातिको साहित्य, कला, भाषा, इतिहास, संस्कृतिको संरक्षण तथा संवर्धन गर्दै लगिनेछ ।

३७. सामूदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको लागि शिक्षक दरबन्दी मिलान, विद्यालयहरु समायोजन, शिक्षक तालिम संचालनका कार्यहरुलाई प्राथमिकता साथ संचालन गरिनेछ । साथै गाउँपालिका स्तरिय उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गरिनेछ ।

३८. विद्यालय शिक्षालाई रोजगारसँग आवद्ध गर्न गाउँपालिका क्षेत्र भित्र स्थापना भएका एवं हुने प्राविधिक शिक्षालयहरुको विकासमा टेवा पुर्याइनेछ । यस क्षेत्रमा अध्ययन गर्ने विद्यार्थिहरुको संख्याको आधारमा थप कार्यक्रहरु अगाडि बढाउने नीति लिइनेछ ।

३९. शैक्षिक गुणस्तर सुधारको लागि विद्यालयको व्यवस्थापन पक्षलाई सबल तथा सक्षम बनाउन आवश्यक व्यवस्था मिलाइनेछ । साथै प्रत्येक विद्यालयमा विद्युतिय हाजिरी राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

४०. प्रत्येक वडामा एक वटा सामुदायिक विद्यालयलाई अगुवा विद्यालय घोषणा गरी त्यसको संस्थागत क्षमता विकासका लागि थप सहयोगको प्रबन्ध गरिनेछ साथै सबै फिडर विद्यालयको शैक्षिक व्यवस्थापनमा जिम्मेबार र जवाफदेही बनाउने व्यवस्था मिलाइनेछ ।

४१. एक वडा एक खेलमैदानको नीति लिई प्रत्येक वडाहरुमा भौगोलिक अवस्था अनुसारका खेलमैदान निर्माण गर्ने कार्यको शुरुवात गरिनेछ ।

४२. गाउँपालिका भित्र रहेका विद्यालयहरुको बाहिरी वातावरण सुधार गर्न आवश्यक पहल गर्दै विद्यालयको भवन, पुस्तकालय, प्रयोगशाला, शौचालय, फर्निचर, कम्पाउण्ड वाल तथा तारबार जस्ता पूर्वाधारमा लगानी बढाइनेछ ।

४३. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण विद्यालय जाने उमेरका विद्यार्थिहरुलाई अनिवार्य रुपमा विद्यालय सम्म पहुँच पुर्याउने वातावरणको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ । साथै सामूदायिक तथा निजि विद्यालयको तर्फबाट माध्यमिक तहको परिक्षामा उत्कृष्ट अंक ल्याउने छात्र छात्राहरुलाई पुरस्कारको व्यवस्था मिलाइनेछ ।

४४. गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरुमा दरबन्दी न्यून रहेका अवस्थामा स्वयम् सेवक शिक्षक राखी निजहरुलाई प्रोत्साहनको व्यवस्था मिलाइनेछ । बाल विकास सहयोगि कार्यकर्ताका लागि प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

४५. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयहरुको निरीक्षण र सुपरीवेक्षणको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

४६. कक्षा ८, कक्षा ५ र कक्षा ३ को परीक्षालाई गाउँपालिका स्तरीय रुपमा व्यवस्थित गरीनेछ । गाउँपालिका क्षेत्र भित्रका न्यून नतिजा ल्याउने शिक्षक, कमजोर व्यवस्थापन देखिएका प्रधानाध्यापकहरुलाई सुक्ष्म व्यवस्थापनको माध्यमबाट कार्य सम्पादनको आधारमा परिवर्तन ल्याउने कार्ययोजना निर्माण गरिनेछ ।

४७. गाउँपालिका भित्र संचालन हुने सवै खेलकुदको लागि शिक्षा युवा तथा खेलकुद शाखाबाट वार्षिक कार्यक्रम बनाई एकद्धार नीतिको माध्यमबाट खेलकुदको विकासमा सहयोग पुर्याइनेछ । यसै अनुरुप गाउँपालिका भित्र रहेका खेलाडिहरुको पहिचान

तथा विकासको लागि गाउँपालिका स्तरिय अध्यक्ष कप खेलकुद प्रतियोगिताको शुरुवात गरिनेछ ।

४८. बालमैत्री स्थानीय शासनको अवधारणलाई क्रमशः कार्यान्वयन गर्दै गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

४९. गाउँपालिका क्षेत्रबाट बैदेशिक रोजगारमा जाने युवाहरुको तथ्यांक अद्यावधिक गरी सचेतना, सिप विकास तथा जोखिम न्यूनिकरणको लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।

५०. टोल विकास संस्था मार्फत सबै गाउँपालिकाबासीहरुलाई विकासमा पहुँचको सुनिश्चितता गरिनेछ ।

५१. गाउँपालिकामा स्वास्थ्य सम्बन्धि सुरक्षित मातृत्व, पोषण, प्रजनन स्वास्थ्य, क्षयरोग, कुष्ठरोग निवारण, बाल स्वास्थ्य, परिवार नियोजन तथा सुरक्षित गर्भपतन, यौनरोग तथा एच.आई.भी. एड्स नियन्त्रण, सामुदायिक स्वास्थ्य जस्ता रोगहरुको संक्रमणबाट जोगिने तथा रोग निवारण गर्ने खालका विभिन्न चेतनामुलक कार्यक्रमहरु आयोजना गरिनेछ । साथै स्थानीय समुदायसँग

सहकार्य गरी स्वास्थ्य शिविरहरु सञ्चालन गर्ने कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

५२. गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्य निकायहरुको सेवा तथा भौतिक संरचनाहरुलाई स्तरोन्नती गरिदै लगिनेछ । स्वास्थ्य संस्था नभएका वडाहरुमा यस्ता संस्थाहरु स्थापनाका लागि पहल गरिनेछ ।

५३. महिनाबारीको समयमा महिलाहरुलाई हुन सक्ने जोखिमबाट बचाउनका लागि गाउँपालिकाका प्रत्येक घर परिबारहरुलाई सचेत बनाउन **महिनाबारीका लागि सुरक्षित सामाग्रि युक्त घर (घरघरमा सेनेटरी प्याड)** कार्यक्रम यसै आर्थिक वर्ष देखि शुरुवात गरिनेछ ।

५४. किशोरावस्थामा हुने मानसिक, सामाजिक, शारिरीक तथा सम्बेगात्मक परिवर्तनबाट पर्ने असरबाट बचाउन गाउँपालिका भित्रका माध्यामिक विद्यालयहरुमा **साथि शिक्षा** कार्यक्रम सञ्चालन गरिनेछ ।

५५. गाउँपालिका भित्र बसोबास गर्ने सम्पूर्ण गाउँपालिका बासीहरुलाई लामो समयसम्म प्रयोग गर्नु पर्ने औषधीहरु (उच्च

रक्तचाप, मधुमेह र दम रोगका) निशुल्क उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

५६. आर्थिक वर्ष २०७६/७७ मा भौतिक पूर्वाधार (भवन) सम्पन्न भएका स्वास्थ्य चौकीहरुमा २४ घण्टे निशुल्क प्रशुती सेवा केन्द्र (वर्थिङ्ग सेन्टर) सञ्चालन गरिनेछ ।

५७. गाउँपालिकाका दुई वा दुई भन्दा बढि वडाहरुलाई सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थाहरुलाई स्तर वृद्धि गर्न पहल गरिनेछ ।क्रमशः अरु वडाहरुमा पनि यो कार्यलाई शुरुवात गरिनेछ ।

५८. संघिय सरकारको सहयोगमा गाउँपालिकामा १५ शैयाको अस्पताल स्थापना गर्नका लागि आवश्यक प्रक्रिया अँगाडि बढाइनेछ ।

५९. गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा प्रयोगशाला सेवा सञ्चालनका लागि प्रदेश सरकारको सहयोगमा पहल गरिनेछ ।

६०. गाउँपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य स्वयं सेविकाहरुको कार्यसम्पादनको मूल्यांकन गर्दै प्रोत्साहनका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

६१. गाउँपालिकालाई पूर्ण सरसफाई अभियानको माध्यमबाट प्रत्येक घरपरिवारलाई आधारभूत सरसफाईमा ध्यान दिने वातावरण बनाई पूर्ण आनिबानि परिवर्तन कार्यक्रमको शुरुवात गरिनेछ ।

६२. आयुर्वेदिक चिकित्सा पद्दतिको अभ्यास, योग तथा ध्यान शिविर संचालनमा सहयोग पुर्याइनेछ । गाउँपालिका भित्र आयुर्वेदको पूर्वाधार विकास गर्दै आयुर्वेधिक औषधिहरुको नियमित वितरणको व्यवस्था मिलाइनेछ ।

६३. संरक्षकत्व गुमाएका महिला, बालबालिकाहरुको लागि पुनःस्थापना तथा सुरक्षित आवास लगायतका कार्यक्रमहरु संचालन गरिनेछ ।

६४. प्रदेश सरकारसँगको सहकार्यमा विपन्न बस्तीहरुमा जनता आवास कार्यक्रम संचालन गरिनेछ । गाउँपालिका क्षेत्र भित्र रहेका खरका छाना भएका घरहरुको तथ्यांक संकलन गरि संघिय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा जस्तापाता वितरण गरि खरको छाना मुक्त गाउँपालिका घोषणा गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गरिनेछ ।

६५. महिलाहरुको सक्रिय सहभागितामा स्थापना हुने र संचालनमा रहेका लघु उद्योगहरुलाई प्रोत्साहन गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ । यस्ता उद्योगहरु स्थापना भै सञ्चालनमा आएमा विउ पुँजि गपलब्ध गराउने कार्यको थालनि गरिनेछ ।

६६. महिलाहरु मात्र सदस्य रहेका सहकारीहरुलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६७. गाउँपालिकास्तरीय बाल सञ्जाल गठन गरी क्षमता विकास तथा नैतिक शिक्षाको समेत विकास हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६८. पूर्ण सरफाइ तथा महिनाबारीको समयमा स्कुल हाजिर हुन नसक्ने अवस्थाको अन्त्य गर्न गाउँपालिका क्षेत्र भित्र रहेका विद्यालयहरु मार्फत उचित कार्यक्रमहरु समेत सञ्चालन गरिनेछ ।

६९. टोल विकास संस्थाहरुको आफ्नो भुगोल भित्र १ वटा बाल उद्यान, ज्येष्ठ नागरिक आरामस्थल निर्माण गर्न उत्प्रेरित गरिनेछ ।

## (ग) आर्थिक विकास तर्फः

७०. कृषिको माध्यमबाट आय आर्जन एवं स्वरोजगार विकासको लागि विशेष प्राथमिकता दिइनेछ । संभाव्यता पहिचान गरी प्रत्येक वडामा कम्तिमा एक कृषि उपजको पकेट क्षेत्र अवधारणा अवलम्बन गर्दै कृषि उत्पादनलाई व्यवसायिकीकरण गरी रोजगारी सिर्जना गर्ने तर्फ जोड दिइनेछ ।

७१. गाउँपालिका क्षेत्र भित्र कृषि उपज उत्पादनमा प्रयोग भैरहेको रासायनिक बिषाधिलाई न्युनिकरण गरी जनताको स्वास्थ्यमा पर्न सक्ने नकारात्मक असरलाई कम गर्न विभिन्न प्रचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७२. कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न साना सिंचाइ कार्यक्रम मार्फत कार्यक्रमहरु संचालन गरिनेछ । कृषि क्षेत्रमा व्यवसायिक किसिमका कार्यक्रमहरु छनोट गरी कृषि पकेट क्षेत्र विस्तार गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

७३. गाउँपालिका क्षेत्र भित्र रहेको कृषि उत्पादनको सम्भाव्यता अध्ययन गरी माटो परिक्षणको माध्यमबाट उपयुक्त कृषि उपच लगाउने व्यवस्था मिलाइनेछ । यस कार्यको लागि व्यवसायिक

रुपमा खेती गर्ने कृषकहरुको पहिचान गरी यसै आर्थिक वर्षबाट कार्य शुरुवात गरिनेछ ।

७४. व्यवसायिक कृषि व्यवसाय गर्न इच्छुक कृषकहरुलाई आवश्यक पर्ने सम्बन्धित विषयका तालिम उपलब्ध गराइनेछ । जसबाट कृषि क्षेत्रको उत्पादन वृद्धि भै व्यसायिक रुपमा खेती गर्ने परम्पराको शुरुवात हुनेछ ।

७५. बिभिन्न धामहरु, ऐतिहासिक तथा धार्मिक स्थलहरुको गुरुयोजना निर्माण गरी पर्यटन उद्योगलाई प्रवर्धन, प्रचार प्रसार गरिनेछ । साथै गाउँपालिका क्षेत्र भित्र आयोजना हुने महोत्सवहरुलाई सव्य र भव्य रुपमा सञ्चालन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराइनेछ ।

७६. कृषि/पशु विकास, दुध उत्पादन सहकारीको प्रवर्धन र विकासका लागि आधुनिक प्रविधि मार्फत गाउँपालिकामा भएका सहकारी र कृषक समूहहरुलाई व्यसायिक तालिम प्रदान गरिनेछ । साथै गाउँपालिकामा उत्पादित कृषि जन्य उपजहरुको बजारिकरण र व्यवस्थापनका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।

७७. जैविक विविधताको सम्वर्धन र सदुपयोग गर्दै जलवायु परिवर्तन अनुकुलन प्रविधिहरुको विकास गरी कृषिजन्य उत्पादनमा प्राङ्गारिक खेतिलाई प्रोत्साहन गरिनेछ ।

७८. सामुहिक व्यवसायिक कृषि तथा पशु उत्पादन गर्ने समूह वा सहकारीहरुलाई विभिन्न प्रकारका समपुरक अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

७९. प्राकृतिक रुपबाट गर्भाधान संभव हुन नसकेमा कृत्रिम गर्भाधान गराउने कार्यको शुरुवात गरिनेछ । पशु विमा तथा कृषि विमा गर्ने समूह वा संस्थालाई प्रोत्साहन गरिनेछ ।

८०. यस गाउँपालिका भित्र रहेका कृषि समुह, सहकारी र फर्मलाई वीउवीजन, घास उत्पादन गर्न आवश्यक पर्ने सहयोग उपलब्ध गराई ५ वर्ष भित्र खाद्यान्नको वीउवीजन उत्पादनमा आन्मनिर्भर गराइनेछ ।

८१. पशु विकास कार्यक्रमलाई प्रभावकारी बनाउन नश्ल सुधारको लागि बोका, राँगो, बीर (बंगुर) समूह÷सहकारी/फर्मलाई वितरण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. गाउँपालिका भित्रका जलासय र माछापोखरीहरुलाई संरक्षण गर्दै व्यवसायीक माछा पोखरी निर्माण गर्ने समूह/सहकारी/फर्महरुलाई आवश्यक अनुदान उपलब्ध गराई गाउँपालिकालाई माछा उत्पादनमा क्रमशः आत्मनिर्भर गराउदै लगिनेछ । साथै माछाको उचित बजारीकरणको व्यवस्था मिलाइनेछ ।

८३. प्रत्येक वडामा कम्तिमा एक/एक वटा कृषि एवं पशु व्यवसायमा आधारित सहकारी विकास गरिनेछ ।

८४. स्थानीय सहकारीहरुसँग प्रवर्धनात्मक कार्यमा सहकार्य गर्दै मूल्य श्रृंखलामा काम गर्ने सहकारीहरुको (कृषि तथा उत्पादन मुखि) विकास एवं प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

८५. गाउँपालिकाका मुख्य बजार केन्द्रमा कृषि उपज संकलन तथा विक्रि केन्द्रलाई व्यवस्थित गरिनेछ । साथै गाउँपालिकाको कुनै एक उपयुक्त स्थानमा सित गोदाम प्रदेश सरकारसँगको सहकार्यमा स्थापना गर्ने कार्य अगाडि बढाइनेछ ।

८६. कृषियोग्य जमिनको अनुपयुक्त तरिकाले खण्डिकरण गर्ने प्रवृतिलाई निरुत्साहित गरी जमिनलाई बाँझो राख्न नपाइने व्यवस्था मिलाइनेछ ।

८७. कृषी, पशुपालन लगायतका व्यवसायीक उत्पादनका क्षेत्रमा विमा अनिवार्य रुपमा गर्ने व्यवस्था मिलाइनेछ ।

८८. गाउँपालिका भित्र रहका विभिन्न सहकारी संस्थाहरुलाई विषयगत सेवाको आधारमा एकिकरण गर्ने र सहकारीको पहुँच नपुगेको ठाउँमा क्षेत्र विस्तार गर्ने नीति लिइनेछ ।

८९. सहकारी मार्फत बचत तथा सहुलियत दरमा ऋण परिचालन गरि पिछडीएको वर्गलाई आत्मनिर्भर गराउन अभिप्रेरित गरिनेछ ।

९०. गाउँपालिका क्षेत्र भित्र रहेका बैंक तथा वित्तिय संस्थाहरुलाई गाउँपालिकाको प्रत्येक वडासम्म आफ्नो सेवा विस्तार गर्न प्रोत्साहित गरिनेछ ।

९१. गाउँपालिका भित्र सञ्चालन गरिएका सबै व्यवसायहरुलाई दर्ता तथा अभिलेखिकरण गर्न अभिप्रेरित गर्ने, विभिन्न प्रकारका

चेतनामूलक कार्यक्रमहरु उद्योग वाणिज्य संघको समेत सहकार्यमा सञ्चालन गरिनेछ ।

९२. गाउँपालिकाको सर्वाङ्गिण विकासका लागि वित्तिय अवस्थामा सुधार गर्न करको दर कम दायरा फराकिलो बनाउने नीति अबलम्बन गरिनेछ ।

९३. गाउँपालिका क्षेत्र भित्र रहेका घरेलु उद्योगहरुको संरक्षण गर्दै नयाँ उद्योग स्थापनाका लागि आवश्यक वातावरण सिर्जना गरिनेछ । यस्ता उद्योगहरु स्थापना भै कार्य सञ्चालन गर्न शुरु गरेको अवस्था देखिएमा विउ पूँजिको रुपमा रकम उपलब्ध गराई उद्योग खोल्न प्रोत्साहन गरिनेछ ।

९४. गाउँपालिकाले निर्माण गरेको ५ वर्षे उद्यम विकास योजनाको आधारमा गाउँपालिका भित्र स्थानिय स्रोत, साधन र शिपको आधारमा रोजगारी सृजना गर्न पहल गरिनेछ । गाउँपालिकाको उद्यम विकास योजनाका कार्यक्रमहरु क्रमशः कार्यान्वयन गरिनेछ ।

९५. गाउँपालिका क्षेत्र भित्र रहेका पर्यटकीय स्थलहरुको पहिचान गरी पर्यटन विकासको गुरुयोजना निर्माण गर्न पहल गरिनेछ ।

धार्मिक तथा पर्यटन विकास गर्न गाउँपालिकाको उपयुक्त स्थानको पहिचान गरि Home Stay स्थापना गर्न पहल गरिनेछ ।

## (घ) भौतिक पूर्वाधार विकास तर्फः

९६. गाउँपालिकास्तरीय गौरवका आयोजनाहरु छनौट गरी कार्यान्वयनको लागि बजेटको सुनिश्चितता गरिनेछ । गाउँपालिका क्षेत्र भित्र रहेको खानेपानिको समस्यालाई समाधान गर्न यस आर्थिक वर्षलाई **स्वस्थ खानेपानी** वर्षको रुपमा मनाउन पहल गरिनेछ । वृहत खानेपानी योजना सञ्चालन गरि एक घर एक धाराको अवधारणाको आधारमा खानेपानी सुविधाको विस्तार गर्न पहल गरिनेछ ।

९७. गाउँपालिका बासीको यातायातमा सहज पहुँच पुर्याउन तथा यातायात क्षेत्रको व्यवस्थापनका लागि बसपार्क निर्माण र गुल्मीदरबार रिङ्गरोडको सम्भाव्यता अध्ययन गरी संघ र प्रदेश सरकारसँगको समेत सहयोगमा रिङ्गरोड निर्माणका लागि पहल गरिनेछ । यातायात व्यवसायीहरुसँग समन्वय गरी गाउँपालिकाले बस संचालन गर्न पहल गरिनेछ ।

९८. सडक, खानेपानी, सिंचाइ, सामुदायिक भवनहरु जस्ता पूर्वाधारहरु सबै वडामा आवश्यकता र औचित्यताका आधारमा निर्माण गरिनेछ ।

९९. गाउँपालिका भित्रका सडकहरुमा कि.मि. पोष्ट तथा ट्राफिक संकेतका चिन्हहरु राखी यात्रालाई सुचना मुलक बनाइनेछ । साथै मुख्य सडकहरुमा सौर्य सडक वत्ती जडान गर्ने नीतिलाई निरन्तरता दिइनेछ । हालसम्म विस्तार गरिएका सडकहरुको अवस्था देख्दा वातावरणमा व्यापक नराम्रो असर परेको देखिएकोले आगामी वर्षमा सडक विस्तार भन्दा सडक स्तर उन्नतीमा ध्यान केन्द्रित गरिनेछ ।

१००. विकासका कार्यमा हेभि इक्युपमेन्ट प्रयोग गर्नु परेमा गाउँपालिकामा सूचिकृत र अनुमति प्राप्त भएका हेभि इक्युपमेन्टबाट मात्र काम गराउनु पर्ने नीति लिइनेछ । यस समबन्धमा कार्यविधि बनाइ लागु गरिनेछ ।

१०१. भवन निर्माण गर्दा भुकम्पिय जोखिम न्यूनिकरण गर्ने तर्फ ध्यान दिंदै भवन आचार संहिताको पालना गराउन पहल गरिनेछ ।

१०२. पूर्वाधारहरुको दिगो व्यवस्थापन तथा उपयोगका लागि मर्मत संभार प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१०३. गाउँपालिका भित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त ठाउँको पहिचान गरी ल्याण्डफिल्ड साइड निर्माण गर्ने काम अगाडि बढाइनेछ ।

१०४. गाउँपालिका क्षेत्र भित्र रहेको विद्युत सेवालाई नियमित र गुणस्तरिय बनाउन सबै सरोकारवालाहरु सँगको समन्वयमा आवश्यक पहल गरिनेछ ।

१०५. ठूला पूर्वाधारहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) का आधारमा लगानी गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१०६. सार्वजनिक सम्पत्ति संरक्षण गर्न विशेष जोड दिइनेछ । टोल विकास संस्थाको समेतको सहकार्यमा अनाधिकृत रुपमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्ने कार्यलाई रोकिनेछ ।

१०७. गाउँपालिका क्षेत्र भित्र निर्माण भएका पुराना घरहरुको अभिलेखिकरण गरिनेछ । साथै नयाँ संरचना निर्माण गर्दा अनिवार्य रुपमा गाउँपालिकाको स्वीकृतीबाट मात्र गर्ने

वातावरणको विकास गरिनेछ । यस कार्यको लागि टोल विकास संस्थालाई समेत जिम्मेबार बनाइनेछ ।

१०८. गाउँपालिका सौन्दर्यकरणका लागि आवश्यक पूर्वाधारहरु तयार गरिनेछ । साथै पूर्वाधारका योजनाहरु बालमैत्री, वातावरण मैत्री, अपाङ्गमैत्री बनाइनेछ ।

१०९. जनतालाई विकासका हरेक क्रियाकलापहरुमा सहभागि गराई काम प्रति उत्तरदायि र अपनत्वको भावनाको विकास गर्न लागत सहभागिताका कार्यक्रमहरुको शुरुवात गरिनेछ ।

११०. एक वडा एक सामुदायिक सभा हल निर्माण गर्ने नीति लिइनेछ । साथै गाउँपालिका स्तरीय खेल मैदान, सभा गृह, कभर्डहल तथा रङ्गशाला निर्माणका लागि समन्वय र सहकार्य गरिनेछ ।

१११. गाउँपालिका भित्रका वडा कार्यालयहरु क्रमशः निर्माण गर्दै जाने कार्यलाई सुरुवात गरिनेछ ।

११२. सडक स्तरउन्नती गर्दा सडकका प्रारम्भिक संरचानाहरु तयार गरी मात्र स्तरउन्नती गर्ने नीति अवलम्बन गरिनेछ । हाल सम्म विस्तार गरिएका सडकहरुको सञ्चालनको अवस्थाको

आधारमा मात्र सडक स्तर उन्नति गर्ने कार्यका लागि बजेट विनियोजन गर्ने नीति लिइनेछ ।

११३. गाउँपालिकामा स्वच्छ पिउने पानीको उपलब्धता लागि सरोकारवाला निकायहरुसँग आवश्यक सहकार्य गरिनेछ ।

११४. गाउँपालिका क्षेत्र भित्रका सडकहरुको मर्मत कार्य गर्न स्थानिय वेरोजगारको सुचिमा रहेका व्यक्तिहरुलाई प्रोत्साहन गरिनेछ ।

**(ङ) वन वातावरण तथा विपद् व्यवस्थापन तर्फः**

११५. पूर्वाधार निर्माणमा खासगरी सडक निर्माणलाई वातावरण मैत्री स्थानीय शासनको अवधारण अनुरुपमा कार्य अगाडि बढाइनेछ ।

११६. संरक्षण, विपद् व्यवस्थापनको लागि व्यापक रुपमा जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ । प्राकृति विपदबाट जोगिन तथा क्षेती कम गर्न विपद् व्यवस्थापन योजना बनाई कार्यान्वयन गरिनेछ ।

११७. खानेपानीको स्रोतलाई दीर्घकालिन बनाउन पानीका मुहान, पोखरी, ताल, तलैया संरक्षणमा विशेष लगानी गरिने छ । पूनःर्भरण पोखरीहरुको निर्माण गर्ने कार्यको शुभारम्भ गरिनेछ ।

११८. विपद् व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषमा रकम विनियोजन गरिनेछ । यस कोषको रकम स्वीकृत मापदण्ड बमोजिम विपद् परेकाकाहरुलाई तत्काल उद्धार राहत र सहयोगको कार्यक्रम संचालन गर्न खर्च गरिनेछ । वडा एवं बस्ती स्तरमा विपद् व्यवस्थापनको लागि नागरिक परिचालन गर्न वडा र वस्ती स्तरीय विपद् व्यवस्थापन समिति गठन गरिने छ ।

११९. गाउँपालिका भित्र रहेका सबै वन सम्पदाहरुको बिभिन्न वन समितिहरुको सहकार्यमा संरक्षण गरिनेछ । साथै सामुदायिक वनको व्यवस्थापन सुधार गर्न गाउँपालिकास्तरीय समिति गठन गरी गाउँपालिकाका विकास निर्माणका योजनाहरुमा साझेदारीताका लागि संलग्न गराउने नीति लिइनेछ ।

१२०. गाउँपालिका क्षेत्र भित्र रहेका सम्पूर्ण नदिजन्य पदार्थहरुको उत्खनन विस्तृत अध्ययन प्रतिवेदनको आधारमा गर्ने व्यवस्था मिलाइनेछ ।

१२१. प्रति वडा १ उद्यान, पार्क निर्माण कार्यलाई अभियानको रुपमा सञ्चालन गरी सोका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

१२२. प्रत्येक गाउँपालिका बासीलाई गाउँपालिकाको वातावरण स्वच्छ एवं हरियाली राख्नका लागि वृक्षारोपण कार्यक्रम अभियानको रुपमा सञ्चालन गरिने नीति अवलम्बन गरिनेछ ।

१२३. वातावरणीय सन्तुलनलाई दिगो बनाउन गाउँपालिका क्षेत्र भित्र प्लाष्टिक प्रयोगलाई निरुत्साहित गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

यस नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सहयोग गर्नुहुने सम्माननीय अध्यक्षज्यू, सम्पूर्ण कार्यपालिका सदस्यहरु, विषयगत समितिका पदाधिकारीहरु, गाउँपालिकाका विद्वत वर्गहरु, कर्मचारीहरु लगायत गाउँपालिका बासीलाई हार्दिक धन्यबाद् दिँदै यस नीतिको कार्यान्वयनमा सम्बन्धित सरोकारवाला सबैको सहयोगको अपेक्षा राख्दै विदा हुन चाहान्छु । धन्यबाद, नमस्कार ।

मिना भण्डारी

उपाध्यक्ष